आ.व. ०७८।०७९
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक नं. १२।०७८।०७९
मितिः-२०७८।१२।१० गते
स्थानः- ता.न.पा सभाहल
समयः- विहान ८.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।उपस्थिति

नाम थर

| | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य |
| श्री रेशमलाल न्यौपाने नि.प्रमुख प्रशासकीय अधिकृत | | ता.न.पा | सचिव |

आमन्त्रित

श्री गणेश बहादुर थापा का.वा. वडा अध्यक्ष ता.न.पा ४

Scanned with CamScanner

नगर प्रमुख

**निर्णय नं. १**

तानसेन नगरपालिका वडा नं. ५ स्थित बनदेवी क्षेत्रमा हरीयाली बसपार्क निर्माणको लागि नगर विकास कोष (Town Development Fund-TDF) बाट ८ प्रतिशत व्याजदरमा ऋण स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

निर्णय नं. १ बमोजिम स्वीकृत ऋणको संझौता गर्न यस तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाहीलाई अख्तियारी प्रदान गर्ने र साक्षी व्यक्तिको रुपमा ता.न.पा. वडा नं. १ का वडा अध्यक्ष श्री राम प्रसाद बस्यालाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तानसेन नगरपालिका वडा नं. ५ स्थित हरीयाली बसपार्क निर्माणको लागि नगर विकास कोषबाट ऋण स्वीकृती र संझौता भए लगत्तै टेण्डर आह्वानको प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

विश्व बैंकको सहयोगमा संचालित नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत प्राप्त हुने स्रोतबाट निम्न बमोजिमका योजना/कार्यक्रम संचालन गर्ने निर्णय गरियो :

**निम्न :**

(क) विग बुद्ध आयोजना

(ख) सडक निर्माण र स्तरोन्नती

**निर्णय नं. ५**

तानसेन नगरपालिका वडा नं. ११ का देहाय अनुसारका योजनाहरु संसोधन गर्ने निर्णय गरियो ।

| सि.नं. | साविकको योजना | संसोधित योजना |
|---|---|---|
| १ | कुडापानी पार्क खेल मैदान रु. २ लाख | गणेश मन्दीर पार्क (टक्सारको लागि) एकमुष्ट रु.३ लाख |
| २ | सामाकोट टक्सार घेराबार रु. १ लाख | |

**निर्णय नं. ६**

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय र तानसेन नगरपालिका, पाल्पाको आयोजना तथा पाल्पाली ढाका संघको व्यवस्थापन सहयोगमा पाल्पालाई ढाका राजधानी घोषणा कार्यक्रम २०७८ चैत्र १२ गते आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

श्रीनगर सौन्दर्यीकरण आयोजनाको प्रस्ताव आह्वान (Request for proposal-RFP) कार्य अगाडि बढाउन सानिसा समिति तथा सानिसा ईकाइलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

रानीमहल संरक्षण संचालन तथा व्यवस्थापन आयोजना प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि मिति २०७८।१२।०७ गते तानसेन नगरपालिका र बगनासकाली गाउँपालिका बीच भएको समझदारी पत्र (Memorendom of Understansing-MOU) लाई अनुमोदन गरियो । साथै सम्वन्धित विज्ञहरुबाट थप प्रक्रियागत राय सुझावका आधारमा निजी क्षेत्रसँग सम्झौताको कार्य अगाडि बढाउन सानिसा समिति तथा सानिसा ईकाइलाई निर्देशन दिने निर्णय गरियो ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

**निर्णय नं. ९**

राष्ट्रिय भूमि आयोगको च.नं. ३८७, मिति २०७८।११।२७ को पत्रानुसार स्थानीय तह स्तरीय भूमिहीन तथा अव्यवस्थित, बसोबासी व्यवस्थापन सहजिकरण समिति तथा वडास्तरीय समितिलाई पूर्णता दिने, भूमि आयोग र यस नगरपालिकाका प्रमुख बीच हालै सम्झौता कार्य सम्पन्न भएकोमा वडास्तर तथा नगरस्तरबाट नियमानुसार सूचना प्रकाशन गर्ने, आयोगबाट User ID तथा Password प्राप्त गरी फारामहरुको कम्प्युटर प्रविष्टी गर्ने र हाल यस जिल्लामा जिल्ला स्तरीय समिति गठन भै नसकेकोले नियमानुसार जग्गा नापजाँचको व्यवस्था मिलाउन भूमि आयोगमा अनुरोध तथा समन्वय गर्ने, तथ्यांक प्रविष्टी कर्ता र सम्बन्धित जनशक्ति परिचालनको लागि श्रोतको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

तानसेन नगरपालिका क्षेत्र भित्र सुपथ मूल्य पसल संचालनको लागि ३ वटा प्रस्तावकर्ता संस्थाहरुबाट प्रस्ताव पत्र प्राप्त भएको बारे बैठकमा जानकारी भयो । प्रस्ताव मूल्यांकन तथा सहजिकरण समितिमा नगर प्रमुखबाट संयोजक तोक्ने व्यवस्था अनुसार यस तानसेन नगरपालिकाका उपप्रमुख श्री लक्ष्मीदेवी पाठकलाई मनोनयन गर्ने, यसैगरी वडा अध्यक्षहरु मध्येबाट वडा नं. ५ का वडा अध्यक्ष श्री राम बहादुर रावललाई सदस्य पदमा मनोनयन गर्ने र उपभोक्ता हित प्रवर्द्धनको क्षेत्रमा कार्यरत संघ संस्था मध्येबाट उपभोक्ता हित संरक्षण मञ्चका श्री श्रीधर खनाललाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

तानसेन नगरपालिकाबाट सानिसा अवधारणामा अगाडि बढाइएको फोहरमैला व्यवस्थापन आयोजना कार्यान्वयनको क्रममा सम्झौताको दफा ११.१ अनुसार नगरपालिकाबाट फोहरमैला प्रसोधन केन्द्रमा जाने वाटो, सौचालय, बत्ती र पानीको व्यवस्था, पुनः प्रयोग तथा रिसाईकल हुने खालको सामाग्री राख्न र फोहोर मैला प्रसोधन केन्द्रमा सुरक्षा गार्ड, फोहोर बर्गिकरण गर्ने कर्मचारी बस्नको लागि स्थायी टहरा निर्माण गरिदिनु पर्ने भनी वातावरणीय सुन्दर नेपाल प्रा.लि., बुटवलबाट मिति २०७८।९।२५ र मिति २०७८।११।२८ गते पत्र प्राप्त भएकोमा ता.न.पाको उपयुक्त स्थानमा निर्माण गर्नको लागि प्राविधिकबाट लागत अनुमान र डिजाइनको आधारमा निर्माण कार्य अगाडि बढाउन आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेनमा खाद्यान्न, तरकारी, फलफुल, नगदेवाली, पशुजन्य उत्पादन लगायतका विभिन्न कृषि उपजहरुको माग तथा उत्पादनमा समेत बृद्धि हुदै आएकोले कृषकहरुबाट उत्पादित कृषि उपजबाट कृषक, व्यापारी, पाल्पाली उपभोक्ता समेतलाई लाभ पुऱ्याउन तानसेन नगरपालिका क्षेत्र भित्र व्यवस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणाली विकास तथा व्यवस्थापन गर्न आवश्यक भएकोले तानसेन नगरपालिकाको **"हाटबजार विकास तथा व्यवस्थापन निर्देशिका, २०७८"** स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

तानसेन नगरपालिका वडा नं. १ स्थित भुसलडाडामा संचालित तानसेन स्कूल अफ हेल्थ साईन्सले तानसेन नगरपालिकासंग सहकार्य गर्ने उद्देश्यले पेश गरेको सम्झौता पत्रको सम्वन्धमा दशौ नगरसभावाट कार्यपालिका वैठकलाई अख्तियारी प्रदान गरे अनुसार कार्यपालिका वैठकद्धारा गठित समितिवाट सम्झौता

निमित प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

पत्रमा सम्सोधन सहित स्वीकृत गर्न उपयुक्त भएको भनि सिफारिस भई आएकोले उक्त सम्झौता स्वीकृत गर्ने तथा तानसेन स्कुल अफ हेल्थ साईन्सको संचालक समिति (Management Board) को वैठकवाट स्वीकृत भई निर्णय प्रतिलिपी सहित पेश गरे पश्चात कार्यान्वयन गर्ने निर्णय गरियो ।

नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner